स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्ला केही दिनयता बलिउडमा "डन ३"सम्बन्धी कन्ट्रोभर्सी हेडलाइन बनिरहेको छ। फिल्म छोडेपछि रणवीर सिंहमाथि प्रतिबन्ध लगाइएको छ। यस्तोमा बलिउडका दिग्गज अभिनेता सलमान खानले निर्देशक फरहान अख्तर र रणवीर सिंहलाई मिलाउन प्रयास गरिरहेको भन्ने खबर आएको छ। फिल्म "डन ३"लाई लिएर उठिरहेको विवाद सलमान खानको कारण समाधान हुन सक्ने देखिएको छ।

**आजको विचार...**



कानुन...

(दुई पेजमा)

यज्ञराज पाण्डे

गायक रामकृष्ण ढकालले निर्माण गरेको फिल्म "मालती मंगले"को अस्ट्रेलिया राइट्स बिक्री भएको छ। नेपाली फिल्म निर्देशक समेत रहेका शोभित बस्नेतले सञ्चालन गरेको माउन्ट पुमोरी इभेन्ट्स प्रालिले अस्ट्रेलिया "मालती मंगले" प्रदर्शनको राइट्स खरिद गरेको निर्माता ढकालले रातोपाटीलाई बताए। आगामी जुलाई ४ मा सिड्नीको पारमाटा रोडस्थित ग्रान्ड प्यालेस सेन्टरमा रेड कार्पेटसहितको प्रिमियर शो हुनेछ।



❒ वर्ष ३१ ❒ अंक ३०१ ❒ २०८३ जेठ १६ गते शनिबार 30 May 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## इरान-अमेरिका युद्धविराम विस्तार

(रासस/एपी)

**वासिङ्टन,** जेठ १५/तीन महिनादेखि जारी युद्धलाई ६० दिनका लागि युद्धविराम विस्तार गर्ने तथा इरानको आणविक कार्यक्रमसम्बन्धी नयाँ चरणको वार्ता सुरु गर्ने विषयमा अमेरिका र इरानका वार्ताकारहरूबीच अस्थायी सम्झौता भएको छ । तर इरानले भने अहिलेसम्म उक्त सम्झौताको औपचारिक पुष्टि गरेको छैन । अमेरिकी पक्षबाट उपराष्ट्रपति जेडी भान्सले सम्झौता भएको जानकारी दिनुभएको छ । यद्यपि राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई अनुमोदन गर्ने वा नगर्ने विषय अझै स्पष्ट नभएको बताइएको छ । उहाँका अनुसार केही प्राविधिक तथा भाषागत बुँदाहरूमा छलफल जारी छ र अन्तिम सहमति अझै टुङ्गिएको छैन । सम्झौतासँगै हर्मुज जलघाँटीसम्बन्धी प्रावधानहरू पनि अगाडि सारिएको जनाइएको छ । प्रस्तावअनुसार इरानले उक्त सामरिक जलमार्गमा टोल लगाउने अधिकार प्रयोग गर्न नपाउने तथा ३० दिनभित्र त्यहाँ राखिएका सबै खानी हटाउनुपर्ने व्यवस्था समेटिएको छ । ती अधिकारीले सार्वजनिक रूपमा बोल्न अधिकार नभएकाले नाम नखुलाउने सर्तमा जानकारी दिएका हुन् । युद्धका क्रममा इरानले यो जलमार्ग प्रभावकारी रूपमा बन्द गरेपछि विश्व व्यापारमा प्रयोग हुने तेल र ग्यासको करिब पाँचौं भाग प्रभावित भएको बताइएको छ ।

# सरकारले ल्यायो २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ १५/ सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोडको वार्षिक बजेट ल्याएको छ । संघीय संसदको संयुक्त सदनमा अर्थमन्त्री अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार उक्त बजेट प्रस्तुत गरेका हुन् ।

अर्थमन्त्री वाग्लेले चालुतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् ५९ दशमलव ८ प्रतिशत, पुँजीगततर्फ ४ खर्ब ३१ अर्ब १० करोड अर्थात् २० दशमलव ३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ ४ खर्ब २२ अर्ब अर्थात् १९ दशमलव ९ प्रतिशतको बजेट सार्वजनिक गरेका छन् । यो खर्च अनुमान चालु आवको संशोधित अनुमानको तुलनामा करिब २५ प्रतिशतले बढी हो । चालु आर्थिक वर्षका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरेको थियो । आगामी आवका लागि अनुमान गरिएको खर्च व्यवस्थापन गर्न राजस्वबाट १४ खर्ब पाँच अर्ब ३१ करोड तथा वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड प्राप्त हुने अनुमान गरिएको छ । यसबाट अपुग हुने छ



खर्ब ५७ अर्ब २९ करोडमध्ये विदेशी ऋणबाट दुई खर्ब ४७ अर्ब २८ करोड परिचालन गरिनेछ । राजस्व तथा वैदेशिक सहायता परिचालनबाट अपुग हुने चार खर्ब १० अर्ब आन्तरिक ऋणमार्फत व्यवस्थापन गरिनेछ । आगामी आव दुई खर्ब ४५ अर्ब ८९ करोड आन्तरिक ऋणको साँवा भुक्तानी हुने भएकाले खुद रु एक खर्ब ६४ अर्ब ११ करोड मात्र आन्तरिक ऋण परिचालन हुने अनुमान गरिएको छ ।वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थाअनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार आगामी आव प्रदेश सरकारका लागि ६१ अर्ब ५० करोड तथा स्थानीय तहका लागि ९० अर्ब २० करोड वित्तीय समानीकरण अनुदान उपलब्ध गराइनेछ । प्रदेश तथा स्थानीय तहमा पूर्वाधार आयोजना कार्यान्वयनका लागि क्रमश: चार अर्ब ६० करोड तथा ८ अर्ब ९३ करोड समपूरक अनुदान उपलब्ध गराइनेछ । प्रदेश तथा स्थानीय तहका लागि क्रमश: तीन अर्ब ८२ करोड तथा रु नौ अर्ब ४० करोड विशेष अनुदान विनियोजन गरिएको छ । संघीय सरकारका आयोजना कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा क्रमश: ४९ अर्ब ७२ करोड तथा दुई खर्ब छ अर्ब आठ करोड सशर्त अनुदान वितरण गरिनेछ । सरकारले आगामी आर्थिक वर्षका लागि स्वास्थ्य क्षेत्रमा १ खर्ब १ अर्ब ९५ करोड बजेट विनियोजन गरेको छ । स्वास्थ्य बिमा कार्यक्रमलाई १५ अर्ब बजेट विनियोजन गरिएको छ । स्वास्थ्य बिमा कार्यक्रम आर्थिक संकटमा कारण निजी र सरकारी अस्पतालमा सञ्चालित बिमा कार्यक्रम बन्द गर्न बाध्य भएको थियो । स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रमका लागि १३ अर्ब १५ करोड रुपैयाँ बजेट छुट्टाइएको छ । जलन उपचारका लागि वीर अस्पताल र कीर्तिपुर अस्पतालको क्षमता वृद्धि गरिने बजेट वक्तव्यमा उल्लेख छ । 'संघीय अस्पतालमा जलन उपचार युनिट स्थापना गर्नेछौं,' अर्थमन्त्री वाग्लेले भने । बालबालिकामा हुने क्यान्सरको सरकारी अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था गरिने उनले बताए । नर्सिङ जनशक्तिको रात्रिकालीन डियुटी भत्ता दोब्बर बनाउने घोषणा गरिएको छ । महिला स्वयमसेविका भत्तामा ५० प्रतिशतले वृद्धि गरिएको छ । निर्माण सुरु भएका ३३६ आधारभुत अस्पताललाई ३ वर्षभित्र निर्माण सम्पन्न गर्ने घोषणा गरिएको छ । सरकारले शिक्षा क्षेत्रका लागि २ अर्ब १८ अर्ब ३० करोड बजेट विनियोजन गरेको छ । अर्थमन्त्री वाग्लेले आगामी आर्थिक आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै शिक्षा क्षेत्रलाई प्राथमिकता दिइएको बताए ।(...

*बाँकी अन्तिम पेजमा)*

## स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

-स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
-प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
-वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
-प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
-फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
-नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
-जैविक विविधताको संरक्षण गरौं।
-हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गणतन्त्र दिवसमा राष्ट्रपतिको पहिलो सम्बोधन

## प्रधानमन्त्रीले सम्बोधन गर्ने परम्परा तोडियो

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ १५/गणतन्त्र दिवसलाई पहिलो पटक राष्ट्रपतिले सम्बोधन गरेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र १९ वर्ष प्रवेशका अवसरमा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गरेका हुन् ।

गणतन्त्र दिवसको अवसरमा कार्यकारी प्रमुखबाट सम्बोधन गर्ने परम्परा भए पनि यस पटक भने तोडिएको छ । प्रधानमन्त्री बालेन शाह कार्यक्रममा सहभागी भए पनि सम्बोधन गर्न चाहेनन् । यद्यपि उनले विशेष समारोहलाई सम्बोधन गरिदिन राष्ट्रपति पौडेललाई पत्राचार गरेका थिए । सोही अनुरुप पहिलो पटक राष्ट्रपतिले गणतन्त्र दिवसको समारोहलाई सम्बोधन गरेका हुन् । पहिलो पटक सम्बोधन गर्दै राष्ट्रपति पौडेलले गणतन्त्रले सम्पूर्ण राजनीतिक



अधिकारको ग्यारेन्टी दिएको बताएका छन् । "लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था हो," उनले भने, "जनता आफैंले बनाएको संविधानमार्फत देशलाई हामीले संघीयता, समावेशिता, सामाजिक न्याय र लोकतन्त्रमा आधारित समाजवादका मान्यताले सिंचित बनाएर थप व्यवस्थित गरेका छौं ।" गणतन्त्रले नै सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याएको समेत राष्ट्रपति पौडेलको भनाइ छ । "हाम्रो संविधानले नागरिक सर्वोच्चतालाई महान अभ्यासका रूपमा अंगीकार गरेको छ," राष्ट्रपति पौडेलले भने, "यही अभ्यासले सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याएको छ । प्रदेश र स्थानीय तहले त्यसबमोजिम जिम्मेवारी निर्वाह गरिरहेका छन् । जनताको घर-आँगनबाटै सार्वभौमसत्ताको अभ्यास भइरहेको छ ।" मुलुकमा उत्पन्न विषम परिस्थितिको निकासका लागि भएको प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएर बलियो जनादेशसहितको सरकार बनेको र यसले जनताको चाहनाअनुसार समृद्धिका लागि सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सामाजिक उन्नतिलाई आफ्नो आधारभूत मार्गदर्शनका रुपमा अगाडि बढाउने निर्णय गरेको उनको भनाई छ । राष्ट्रपति पौडेलले आज हाम्रो सबैभन्दा ठूलो शत्रु अरु कोही होइन, ढिलासुस्ती, अनियमितता र वेथिति भएको बताए । उनले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकहरूलाई यीनै बेथितिहरूले निराश नबनाओस् भन्ने हाम्रो चिन्ता हुनुपर्नेमा जोड दिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व शिखरको गौरवगाथा स्मरण

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको ऐतिहासिक सफलताको स्मरणमा शुक्रबार विभिन्न कार्यक्रम आयोजना गरी सगरमाथा दिवस मनाइएको छ । सन् १९५३ मे २९ मा न्युजिल्यान्डका पर्वतारोही एडमण्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथाको सफल आरोहण गरेको दिनको सम्झनामा हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । सगरमाथा नेपालका लागि केवल हिमाल मात्र नभई राष्ट्रिय गौरव, पर्यटन विकास र अन्तर्राष्ट्रिय पहिचानको प्रतीकका रूपमा स्थापित छ ।

संसारभरिका साहसिक पर्यटक र पर्वतारोहीलाई नेपालतर्फ आकर्षित गर्ने प्रमुख आधार यही हिमाल बनेको छ । यसले नेपालको पर्यटन उद्योगलाई आर्थिक रूपमा मजबुत बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । विशेष गरी हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायको जीवनस्तर उकास्न पर्यटनले उल्लेखनीय भूमिका खेलेको छ । तर गौरवसँगै चुनौती पनि बढिरहेका छन् । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण हिमालहरू तीव्र रूपमा प्रभावित भइरहेका छन् । हिमनदी पग्लिने, हिउँ कम हुँदै जाने तथा वातावरणीय असन्तुलनका असर सगरमाथा क्षेत्रमा स्पष्ट देखिन थालेका छन् । साथै आरोहीहरूको अत्यधिक चाप र फोहोर व्यवस्थापनको समस्या पनि गम्भीर बन्दै गएको छ । विश्वको सर्वोच्च शिखरलाई स्वच्छ र सुरक्षित राख्न राज्य, स्थानीय समुदाय तथा आरोही सबैको साझा जिम्मेवारी आवश्यक छ । सगरमाथा दिवस मनाउनुको वास्तविक अर्थ केवल औपचारिक कार्यक्रम गर्नु होइन ! हिमाल संरक्षण, वातावरणीय चेतना र दिगो पर्यटन प्रवर्द्धनमा प्रतिबद्धता जनाउनु पनि हो । नेपालले आफ्नो प्राकृतिक सम्पदाको संरक्षण गर्दै पर्यटनलाई व्यवस्थित र मर्यादित बनाउन सके मात्र सगरमाथाको गौरव दीर्घकालसम्म कायम रहन सक्छ ।

सुन्दर हिमाल जोगाउने अहिलेको चुनौती सरकार एक्लैले मात्र थेग्न सक्दैन । नागरिक समाज, निजी क्षेत्र, सामाजिक संघसंस्था, समाजका प्रतिष्ठित संस्था सबैको सहकार्य हुन जरुरी छ । यो मुद्दा कुनै राजनीतिक पार्टी विशेष वा सरकार विशेषको रुचि र प्राथमिकताको विषय मात्रै हुन सक्दैन । यसको प्रत्यक्ष मारमा समाजको सबै वर्ग, समुदाय र क्षेत्र परेको छ । त्यसैले राष्ट्रिय एजेन्डा बनाएर सरकार, राजनीतिक दल, सरोकारवाला निकाय र समाजका सबै तह र तप्काबीच हातेमालो गर्दै यसविरुद्धको लडाइँ लड्न जरुरी छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने सगरमाथा दिवसको स्मरणले सार्थकता पाउने छ ।

### Opinion @ Social Network

जल्नु नै छ भने मन्दिरको धुप जस्तै जल
थाहा पाउनेले पनि भनुन, कस्तो मिठो सुगन्ध फैलिएको ।
*(सागर गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कानुन पढेका पुस्ता खोजिरहेको नेपाली समाज



## यज्ञराज पाण्डे

***हाम्रो विद्यालय शिक्षामा कानुनको विषयलाई मान्यता दिने हो भने आमनागरिक आधारभूत तहबाटै कानुनको ज्ञानबारे जानकार हुन्थे ।***

राज्य अहिले संविधान संशोधनको संघारमा छ । संविधान र कानुनी ज्ञानको खोजी चौतर्फी बढी रहेको छ । संविधान र कानुनको ज्ञानको आवश्यकता नयाँ पुस्ताले महसुस गरी रहेको छ । हरेक राजनीतिक परिवर्तनमा शासन प्रणाली र राज्य व्यवस्था प्रमख छलफलको केन्द्रबिन्दु रहने भएकाले पनि नयाँ पुस्ताको आवश्यकताको परिपूर्तिका लागि पनि संविधान र कानुनको ज्ञान जरुरी भएको हो । 'कानुनको अज्ञानता क्षम्य हुँदैन' भन्ने भनाइ आमरूपमा सबैले सुनेका छन् । तर, केहीले मात्रै कानुनको ज्ञानार्जन गरेका छन् । हुन त हाम्रा विद्यालयहरूमा आधारभूत रूपमा पढाइने कोर्समा कानुनको विषयलाई समावेश गरिएको छैन । त्यसकारण धेरैका लागि कानुनी ज्ञानको अभाव छ । कानुनसँग सम्बन्धित विषयका बारेमा आमनागरिकमा सचेतना जगाउन सरकारको नीति पनि छैन । नागरिक स्वयं कानुनको ज्ञान लिनका लागि तत्पर देखिँदैन । हाम्रो विद्यालय शिक्षामा कानुनको विषयलाई मान्यता दिने हो भने आमनागरिक आधारभूत तहबाटै कानुनको ज्ञानबारे जानकार हुन्थे । यो जानकारीले आमरूपमा नागरिकलाई जागरूक त बनाउँथ्यो नै कानुनको पालनामा समेत टेवा पुऱ्याउँथ्यो ।

राज्य प्रणालीको छलफलमा नयाँ पुस्ताको उल्लेख्य सहभागिता हुन्थ्यो । तर, कानुन अध्ययनका लागि आकर्षित गर्न न सरकारको नीति पर्याप्त छ न त आममानिसमा त्यसको जागरुकता बढेको छ । यसले कानुन जान्ने सिक्ने र त्यसलाई 'करियर'को अवसर बनाउने प्रवृत्ति पछिल्लो समय घट्दो क्रममा छ । छैन पछिल्लो समय कानुन अध्ययनमा विद्यार्थीको रुचि एसइईको परीक्षा उत्तीर्ण गरेपछि सामाजिक विज्ञानका विषय पढ्नेहरूको संख्या घट्दो क्रममा छ । रोजगार र आत्मनिर्भरतामा हाम्रा विषय केन्द्रित नभएपछि १२ कक्षा पास गरेर उच्च शिक्षा एवं कामका लागि विदेशमा जाने प्रवृत्ति बढेसँगै एसइईपछि के पढ्ने ? भनेर खासै चासोको विषय बन्दैन । जुन विषय अध्ययन गरेर कक्षा १२ पास गरेपछि विदेश जान सजिलो हुन्छ त्यही विषय नै अध्ययन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यसैले विषय छनोट गरिरहनु नपर्ने अवस्था सिर्जना भएको छ । विज्ञान र व्यवस्थापन अध्ययन गरेपछि विदेश जान सजिलो र आमरूपमा सबैले पढिरहेको विषय भएकाले धेरै सोच्नु नपर्ने गरी अधिकांश विद्यार्थीहरूको रोजाइ विज्ञान वा व्यवस्थापन हुने गरेको छ । हाम्रो विद्यालय शिक्षामा कानुनको विषयलाई मान्यता दिने हो भने आमनागरिकले आधारभूत तहबाटै कानुनको ज्ञानबारे जानकार हुन्थे । यो जानकारीले आमरूपमा नागरिकलाई जागरूक त बनाउँथ्यो नै कानुनको पालनामा समेत टेवा पुऱ्याउँथ्यो । तर, कानुन अध्ययनका लागि आकर्षित गर्न न त सरकारको नीति पर्याप्त छ न आममानिसमा त्यसको जागरुकता बढेको छ । साथै समाजले बनाएको एउटा मानक पनि के छ भने जसले राम्रो अंक ल्याउँछ त्यसले विज्ञान र व्यवस्थापन विषय पढ्ने र कम अंक ल्याएकाहरूले अन्य विषयको अध्ययन गर्ने अवस्था सिर्जना भएको छ । मूल रूपमा समाजको पहिलो रोजाइ बन्नुपर्ने विषय विद्यार्थीको अन्तिम छनोट भइरहेको छ । तर, आफूले प्राप्त गरेको नम्बरका आधारमा के पढ्ने ? भनेर विषय रोज्ने यो ज्यादै गलत, परम्परागत र अवैज्ञानिक शैली हो । यसबाट धेरै विद्यार्थीहरूको क्षमता पहिचान र अभिवृद्धिमा ठूलो चुनौती खडा गरेको छ । विद्यार्थीको रुचिलाई मारेको छ । उच्च शिक्षामा के पढ्ने ? भन्ने कुराले मानिसको जीवनलाई दीर्घकालसम्म पनि ठूलो असर पारिरहेको हुन्छ । यो उमेरका विद्यार्थीले लिने ज्ञानले उनीहरूको जीवनमा दीर्घकालसम्म असर पार्दछ । त्यसैले यो उमेरका विद्यार्थीले पढ्ने विषयले उनीहरूको मस्तिष्कको विकास कतिसम्म हुनसक्छ र त्यसले भावी दिनमा विद्यार्थीको तर्कशक्ति कस्तो बन्दछ भनेर निर्क्योल गर्दछ । मूलत: एसइईपछिका उमेर समूहका विद्यार्थीमा आउने सोच तथा तार्किक क्षमताको परिवर्तन र त्यही समयमा आवश्यक पर्ने शैक्षिक विषयहरूको ज्ञानले विद्यार्थीको भावी जीवनमै प्रभाव पार्ने भएकाले तार्किक ज्ञानको दुनियाँमा विद्यार्थीलाई प्रवेश गराउनु महत्त्वपूर्ण कदम मान्न सकिन्छ ।

**परिवर्तनकारी पुस्तामै हुनुपर्छ कानुनको ज्ञान**

तथ्यगत रूपमा हेर्ने हो भने हाम्रा कानुन, सिद्धान्त, प्रचलन तथा अन्तर्राष्ट्रिय अभ्यासले साँच्चिकै वयस्कको उमेर १६ वर्षदेखि १८ वर्षलाई लिइएको छ । आंशिक रूपमा एउटा व्यक्तिमा १६ वर्षमा वयस्कता सुरु भएर १८ वर्षसम्म त पूर्णरूपमा वयस्क भइसक्ने कुरा परिकल्पना गरिएको छ । यो वयस्कताको प्रारम्भ बिन्दुमा हामीमा कस्तो ज्ञान आर्जन भयो, कस्तो तर्क र क्षमताको विकास भयो भन्ने कुराले भावी दिनसम्म हाम्रो जीवनमा ठूलो प्रभाव पार्दछ । यो उमेरमा हामीले अपनाउने अध्ययन पद्धति र तरिकाहरूले हाम्रो मस्तिष्कको विकास कसरी गर्ने भन्ने कुरालाई निर्क्योल गर्दछ । १६ देखि १८ वर्षको उमेर वयस्कताको उमेर हो भने यो उमेर समूहका विद्यार्थीहरूले पढ्ने पुस्तकले उनीहरूको दृष्टिकोण निर्माण गरिरहेको छ । कुन विषयको ज्ञानले कस्तो विचार उब्जिन्छ भन्ने कुराले भावी दिनसम्म दृष्टिकोण निर्माण गर्न सघाउ पर्ने भएकाले यो उमेर समूहका विद्यार्थीहरूमा के-कस्ता विचार र तर्कसँग साक्षात्कार भयो त्यही प्रकारको भावी दिनको दृष्टिकोण वा सोच्ने तरिका पनि निर्माण हुँदै जान्छ । कति फराकिलो ढंगले वस्तुलाई नियालियो ? कति फराकिलो ढंगले मानिसका विचार ग्रहण गरियो ? कति फराकिलो ढंगले पुस्तक पढियो ? लगायत कुराले हामीमा कति फराकिलो चेतनाको विकास भयो भन्ने कुरालाई इंगित गर्छ । प्राय:जसो एसइई दिने विद्यार्थीहरूको उमेर १६ वर्ष हुन्छ भने केहीको त्यसभन्दा माथि वा भनौं १६ र १८ वर्षकै बीचको हुन्छ । तसर्थ एसइई पास भएपछि उच्च शिक्षामा कुन विषय अध्ययन गरिन्छ त्यसले भावी दिनमा विद्यार्थीको दृष्टिकोण निर्माण, तर्कशक्ति र चेतनालाई निर्धारण गर्ने हुँदा यो उमेर समूहका विद्यार्थीले आफ्नो क्षमता, दक्षता, सीप, कला, दृष्टिकोण, चेतनास्तर अभिवृद्धि गर्ने प्रकारको शिक्षा आर्जन गर्नुपर्छ ताकि दीर्घकालीन रूपमा त्यसले विद्यार्थीको सोच र दृष्टिकोणलाई फराकिलो, तर्कसंगत र व्यावहारिक बन्न सिकाओस् ।

**कानुन बन्नसक्छ महत्त्वपूर्ण 'करियर' रोजाइ ।**

यदि १६ देखि १८ वर्षको उमेरका विद्यार्थीहरूमा तर्क गर्नसक्ने क्षमताको अभिवृद्धि हुन्छ, दृष्टिकोण निर्माण हुन्छ, चेतनाको अभिवृद्धि हुन्छ भने त्यसैसँग सम्बन्धित तर्कशक्तिको विषय अर्थात् 'कानुन' विद्यार्थीका लागि उत्तम 'करियर' रोजाइको विषय बन्नसक्छ । त्यतिमात्रै नभई अन्य कुनै विषयमा स्नातक गरेका विद्यार्थीहरूका लागि देश-काल, परिस्थितिको सैद्धान्तिक र कानुनी आधार बुझ्नका लागि कानुनको शिक्षा एक महत्त्वपूर्ण आधार बन्नसक्छ । कानुनको अध्ययनले कुनै विद्यार्थीको तर्क गर्नसक्ने क्षमतामा अभिवृद्धि गर्दछ, चेतनाको विकास गर्दछ, दृष्टिकोणलाई फराकिलो पार्दछ र व्यावहारिक बन्न प्रेरित गर्दछ । यो विषयको अध्ययनले समाजलाई बुझ्न सिकाउँछ, समाजका समस्यालाई केलाउन सिकाउँछ, राजनीतिलाई नियमसंगत चलाउनुपर्ने कुरालाई प्रेरित गर्दछ र राज्यको नीति निर्माण र तिनको कार्यान्वयनमा प्रत्यक्ष सरोकार राख्दछ । हामीले बारम्बार राजनीतिले देश बिगाऱ्यो भन्छौं वा नेताहरू कानुनको पालना गर्दैनन् भनेर गुनासो गर्छौं । राज्यमा कानुनको शासन, जवाफदेही सरकार, पारदर्शिता, अधिकारको सुनिश्चितता, न्यायमूलक समाज र स्वतन्त्र न्यायपालिकाको स्थापना भएन भन्ने कुरामा हाम्रो सधैं गुनासो रहन्छ । तर, यी सबै कुराको चेत जगाउने, त्यसमा निर्मम समीक्षा गरी राज्यलाई आवश्यक पर्ने नीति नियम र मूल्य मान्यताका विषयमा हामीले हाम्रा विद्यार्थीलाई संलग्न गराएनौं, उत्प्रेरणा जनाएनौं । जबकि यी सबै कुराको ज्ञान र समाधान कानुनी शिक्षाले दिन्छ । कानुनी शिक्षाले राज्यमा भए, गरेका घटनाक्रममाथि तार्किक विश्लेषण गरी समस्याका कारण पहिचान गरी समाधानका उपाय सुझाउन मद्धत गर्छ । यसको नेतृत्व गर्ने अवसर हाम्रा विद्यार्थीलाई हामीले किन प्रदान नगर्ने ? राज्य व्यवस्था र राजनीतिलाई नजिकबाट बुझ्न सिकाउने र त्यसमा देखिएका समस्यालाई कानुनसम्मत रूपमा समाधान गर्न सिकाउने विषय कानुन हो भने त्यो विषय पढ्न हाम्रा विद्यार्थीलाई किन प्रेरित नगर्ने ? कानुनको ज्ञानले आजका समस्यालाई मात्रै समाधान गर्न सिकाउँदैन, भोलिको पुस्तालाई समेत मार्गप्रशस्त गर्न एक असल शासन प्रणालीको आरम्भको जग बसाउन अहं भूमिका खेल्दछ । त्यसैले त नेब्रास्का विश्वविद्यालय कानुन कलेजका डिन रस्को पाउण्डले 'कानुन भनेकै समाज निर्माणको आधारस्तम्भ हो भने वकिल भनेकै सामाज निर्माणका संवाहक हुन्' भनेर उन्नाइसौं शताब्दीमै भनेका थिए । समाजको चेतनास्तर वृद्धिका लागि 'कानुन' समाजशास्त्रको अभिन्न विषय हरेक समाजको विकास तब हुन्छ जब समाज शास्त्रका विषयहरूमाथि अध्ययन र अनुसन्धानको वृद्धि हुन्छ । समाजको चेतनास्तरको वृद्धि गर्न समाज शास्त्रको अध्ययन गर्ने र यसको रूपान्तरण गर्ने नयाँ पुस्ताहरूको संख्या बढ्दै जानुपर्छ । समाजमा कतिपय समस्या सामाजिक रूपमा व्याप्त देखिन्छन् । न्याय हरेक समाजको मूल आवश्यकता बनेको छ । शान्ति, सुव्यवस्था, भ्रष्टाचारको अन्त्य, सुशासन र कानुनको शासन आज हरेक समाजको आवश्यकता बनेको छ । तर, समाजका समस्यालाई समाधान गरी समाजलाई व्यवस्थित गर्ने विषयहरू विद्यार्थीको रोजाइ नबन्दा समाजको चेतनास्तर विकसित हुनसकेको छैन । जसका कारण राज्यको व्यवस्थाप्रति नयाँ पुस्ताको निराशा बढ्दै गएको छ । समाजलाई विकसित गर्न सामाजिक रूपमा हुनुपर्ने छलफल तथा अध्ययन अनुसन्धानहरू घट्दै गएपछि समाजले सुव्यवस्थाको रूप लिन नसकेको हो । विधिशास्त्री जोन चिपम्यान ग्रेले पनि त्यसै भनेका होइनन् 'कानुनको सैद्धान्तिक ज्ञानलाई तार्किक विवेचनाको आधारमात्र नमानेर समाजलाई समृद्ध बनाउने बौद्धिक आधार हो' । यसका लागि सामाजिक रूपमा सचेत एवं समाजका समस्याहरूलाई समाधान दिने विषयवस्तुहरूको अध्ययन आजका नयाँ पुस्ताको रोजाइ बन्न जरुरी छ । सामाजिक विषयहरू विद्यार्थीहरूको रोजाइ बन्नका लागि राज्यले ती विषयप्रति आकर्षण बढाउन उचित नीति अवलम्बन गर्न जरुरी छ । कानुन विषय एउटा सुव्यवस्थित समाज निर्माणका लागि मात्र नभएर पेशाकै रूपमा विकसित देशमा अब्बल मानिएको विषय हो । समाजका समस्यालाई प्रत्यक्ष रूपमा सरोकार राख्ने एवं न्याय प्रदान गर्न अहं भूमिकाकै रूपमा सघाउ पुऱ्याउने कानुनको विषयले विद्यार्थीलाई समाजका वास्तविक समस्याहरूसँग घुलमिल गराउन सघाउ त पुऱ्याउँछ नै, यसले व्यवस्थित समाज निर्माणका लागि मार्गदर्शन प्रदान गर्दछ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा: ०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा ०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३, ९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौल्हिवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.: ९८५७०६२२४७, ९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : नयाँ जिम्मेवारी हात पर्न सक्छ। वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ।
**वृष** : सोच लक्ष्य प्राप्ति गर्नमा सहायक बन्नेछ।पेशामा जिम्मेवारी बढ्नेछ।
**मिथुन** : सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। कलाको क्षेत्रमा प्रभाव बढ्नेछ।
**कर्कट** : नयाँ अवसरले उत्साहित बनाउनेछ। मुद्दा मामला सुल्झिने सम्भावना छ।
**सिंह** : आर्थिक दृष्टिले दिन सामान्य रहनेछ। सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ।
**कन्या** : व्यवसायमा लाभ रहनेछ। रमाइलो जमघटले मन प्रसन्न रहनेछ।
**तुला** : नयाँ कार्य थालनी गर्ने योजना सफल हुनेछ। पद प्रतिष्ठा बढ्नेछ।
**वृश्चिक** : उच्च शिक्षाको लागि नयाँ अवसरहरू मिल्नेछ। स्वास्थ्यले साथ दिनेछ।
**धनु** :पौष्टिक भोजनको सेवन गर्नुहोस्। विद्यार्थीहरूको पढाइमा मन नलाग्ला।
**मकर** : मेहनतको राम्रो प्रतिफल प्राप्त हुनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ।
**कुम्भ** : राम्रो साथ र सहयोग पाइनेछ। फाइदाको स्रोत थाहपाउन सकिनेछ।
**मीन** : व्यवसायमा लाभ रहनेछ।चुनौती नयाँ कार्यको जग बसाउने समय रहेको छ।

# साहित्य दर्पण

निबन्ध — राजु "हिमांशु"

## जहाँ छनछनी त्यहाँ फनफनी

सर्जकका प्रकाशित पुस्तकहरू आउँछन् मकहाँ । कतिले साहित्यिक कार्यक्रमको समयमा भेट हुँदा दिन्छन् त कतिले डाकद्वारा प्रेषित गर्छन् । कतिले चाहिँ कुनै दोकान / स्थानमा छोडेर फोनद्वारा मलाई सूचित गर्छन् । पुस्तक पाएँपछि पढ्ने काम मेरो । प्रतिक्रिया पोख्ने काम मेरो । मबाट आशा पनि गरेका हुन्छन् सर्जकले आफ्ना कृतिहरूको प्रतिक्रिया आउँछ भनेर । कतिले सोझै भन्छन् -"समीक्षाको आशा गरेको छु। लेखिदिनुहोस् है।" म अटेरी गर्छु । खालि प्राप्ति सूचना दिने औपचारिकता पालन गर्छु फोनद्वारा कि त सामाजिक सञ्जालको माध्यमबाट अनि "निकट भविष्यमा मूल्याङ्कित हुनेछ कृति" पनि भनिदिन्छु तर त्यो 'निकट भविष्य' आइपुगेको नै हुँदैन समयहरू बिते पनि । बेरमाइलो लाग्छ सम्झँदा । तर कति कृतिले भने पढ्दापढ्दै लेख्न लगाउँछ प्रतिक्रिया । दुई तीनपल्टको पठनपछि पूरा पनि हुन्छ पाठकीय प्रतिक्रिया । एकपल्ट सरर पढ्ने कोशिश गर्छु हात परेका पुस्तकहरू । कति पुस्तकले घच्घचाइरहन्छ लेख्नलाई तर लेख्न सकिरहेको हुँदिनँ । वास्तवमा केही लेखिदिनुहोस् है भनी पाएको पुस्तकबारे मलाई लेख्न चर्को पर्छ । ममा अह्राएको कुरो नमान्ने प्रवृत्ति विद्यमान छ कि कसो ! पढेर आफूलाई लेख्न मन लागे त्यो लेख राम्रो हुन्छ जस्तो लाग्छ । अह्राएको कृतिमाथि मनमस्तिष्क केन्द्रित हुन नसके लेख्नु कसरी ? पढ्नुपर्ने धेरै छन् । लेख्नुपर्ने पनि धेरै छन् । समय बितिरहेछ कार्यालयीन कार्यमा नै व्यस्त भएर । घरीघरीको स्थानान्तरणले त झन मभित्रको लेखकलाई छेकाबार लगाउन खोज्दै छ ।

जसोतसो लेखिटोपल्न खोज्छु तर निरन्तरताको घाँटी निमोठिरहेछ कार्यालयीन कार्यको व्यस्तताले । किश्तीमा लेख्दैछु, लेख्ने कोशिश गर्दैछु । एकै बैठकमा सप्पै लेखी सिद्ध्याउन खोज्ने र सक्ने म अचेल लेख्न नभियाउने स्थितिमा परेको छु । साहित्यिक कार्यक्रमतिर त मेरो उपस्थिति नगण्य छ । माया र सम्मान गरेर रिसाउनेहरूलाई म समय दिन सकिरहेको छुइनँ । भन्नु नै हो भने छुट्टीको दिनमा घरमै बसेर केही पढ्न र लेख्न मन पराउँछु र कहीं जाँदिनँ । दिनहुँ घरदेखि बाहिर रहेर कार्यालयमा असाहित्यिक परिवेश र केवल अङ्कहरूको बथानभित्र गुम्सिएर जोड्नु,घटाउनु,गन्नु,भाग र गुणा गर्नु र भक्कु पत्राचार र टिप्पणी अङ्ग्रेजद्दी भाषामा लेख्नु, भर्खर पाएको ईमेलमा वाञ्छित सूचना त्यही पनि दस-एघार वर्षअघिको दुई घण्टाभित्रै ईमेलद्वारा सम्बन्धित मुख्यालयमा प्रेषित गर्नुबाहेक दैनिक अन्य अनुभागहरूका अतिरिक्त कार्यभार पनि सम्हाल्नुपर्ने स्थितिको दास भएर जोतिन्छु । दिउँसोको खाना तीन बजेतिर खानुपर्ने र बेलुकी सात बजेतिर अफिसबाट बाहिरिएर बसगाडद्दीमा चढ्दी कहिले दुई घण्टा त कहिले ट्राफिक जामले चार घण्टा बसगाडद्दीमै बिताई घर पुगेपछि थकानले मभित्रको लेखन्तेलाई छिटै सुताउँछ। भोलिपल्ट सखारै उठी फेरि त्यही दिनचर्याको पासोभित्र परेर छटपटाउँछु । तर दिनहुँ केही न केही अलिकति भए पनि लेख्नुपर्ने रोगका जीवाणुहरू भने सल्बलाई रहेछन् । फलत: कागजद्दको टुक्रामा,नोटबुकमा सानासाना टिप्पणी,कविता एवं कथा र नाटकका प्लटहरू भने लेख्ने गर्छु । अधूरा-अपुरा यी कुराले पूर्णता कहिले पाउँलान् थाहा छैन । तर पूर्णता पाएर छापिँदै छन् कति । पुस्तकभित्र पनि सङ्गृहीत पनि हुँदै छन् कति । त्यसरी मभित्रको लेखक बाँच्दै छ कि अचेल ? वर्षमा एउटा कृतिप्रकाशन कार्यमा भने लाग्नैपर्छ भन्ने सोचले आक्रान्त छु। हठात् पहाडद्दबाट समतलमा स्थानान्तरित हुँदा मभित्रको लेखकसत्ता कसरी हल्लियो?त्यो म नै बुझ्छु राम्ररी । तर फलदायक नै साबित भयो स्थानान्तरण । ई० सन् २०१८ मा दुईवटा पुस्तक प्रकाशित गर्न सक्षम भएँ । कथा र नाटक विधाका पुस्तकहरू छापिए । केही ठोस लेख्न नसकिए पनि ई० सन् २०१९ मा एउटा कवितासङ्ग्रह पनि छापियो । नयाँ ठाउँले नयाँ अनुभूति पनि गरायो । त्यहाँका दृश्य र स्थितिले मअघि धेरै खुराकहरू पस्किदिए । कति लेखिए पनि अनि भविष्यमा ती सङ्कलित भई पुस्तकाकारमा आउने पनि छन् निश्चय । एउटा कुरो चाहिँ के बुझियो भनेह जहाँ गए पनि, जे जस्तो स्थितिमा चेप्टिए पनि आफूभित्रको "लेख्नै पर्ने रोग" बल्झिहाल्दोरहेछ । साहित्यपठन र लेखन पाठकहीन स्थितिमा पनि निराशित र मृत भएनन्। । साहित्यलेखन भनेको एउटा जाती नहुने रोग नै रहेछ । सोख भएर सुरू भए पनि अहिले आएर आत्मसन्तुष्टि प्रदान गर्ने र शान्तिमय परिवेश दिने माध्यम बनेछ मेरो लेखन । रिसले,आरिसले, मायाले,ईर्ष्याले,खुसीले, दु:खले ,पीडाले.......... अर्थात् सप्पैले मेरो लेखनमा सहयोग दिँदै आएका छन् । तर अचेल जथाभावी दायित्वहीन भएर लेख्नु उचित हुँदैन । दायित्वशील भएर समुचित,न्यायसङ्गत,सामाजिक जागृतिबोध गराउने लेखनरत हुनु आवश्यक छ । म पो कति दायित्वशील भएर गतिशील छु? मन परेकै छैन र पनि प्याच्चै भन्न र लेख्न नसक्नुले के मभित्रको लेखक लाजपचाहा हुँदैनन् र ? साहित्य समाजको दर्पण हो भनिन्छ । मेरो लेखनमा कति जीवन्त छ मेरो समाज ? मेरो लेखनले बिग्रिएका कति सुएि ? बिग्रिएकालाई सुधार्नु के नै पो उपाय पस्किन सकेँ र ? सल्लाह र उपदेश लेख्न सजिलो हुन्छ तर त्यसलाई व्यावाहारिक रुपमा पालन गर्नु कठिन हुन्छ । सर्जकले आफ्नो सिर्जनाद्वारा विकृत मानसिकतामा सुधार ल्याउन सक्छु र त्यसैले लेख्छु नभने पनि भयो अटेरी,बाठे र स्वार्थी वर्तमानमा । अरूलाई सुधार्न सहजै सकिन्न । बरु आफ्ना कमी,कमजोरीहरू बुझेर आफैलाई सुधार्नु बेस । ":यलभथ ष्क कजबचउभच तजबल तजभ कधयचम"-को जमानामा कलमले तरबारलाई सधैँ जित्छ भन्नु पनि सर्वमान्य नहोला । कलमको घाँटी रेटिएका छन् धेरैपल्ट । निर्भीक लेखकको विरोधिताले, विद्रोहले लेखक स्वयंलाई साह्रोगाह्रो परेका किस्साहरू सुन्नमा नआएका होइनन् । मारिएका छन् घर-आँगनमै निर्भीक सोच बोकेर विरोधिता गर्ने रहस्योद्घाटकहरू,मार्गदर्शक बन्नेहरू । साँच्चैको विरोधको सङ्ख्या कति हुन्छ अचेल ? जोखिम उठाउन सहासी को हुन चाहन्छ र अचेल ? त्यसो भए आजको लेखनमा कति निर्भीकता निहित हुन्छ त ? साहित्यको सही अर्थ कायम गर्ने क्रममा कति साहित्यकार अर्थहीन भएर विपन्न भए होलान ? साहित्यकारको बूढद्देसकाल पीढद्दामय र छटपटीपूर्ण भएको देख्नेले केही हदसम्म साहित्यकारको बूढद्दो बिजोगलाई बुझ्लान् । "के को निम्ति लेख्नु हुन्छ ?" भन्ने प्रश्नको उत्तरमा अचेल मेरो ओठले यस्तो उत्तर बरबराउँछ -"लेख्नुकै लागि मात्र लेख्छु अचेल। " "लक्ष्यहीन र उत्तरदायित्वहीन लेखनले समाजमा उलटफेर ल्याउन सक्छ त?" यस्तो प्रश्नले साहित्य र साहित्यकारलाई डाम्छ । तर सामाजिक उलटफेर हुनुमा अथवा कुनै परिवर्तन गराउनमा साहित्य र साहित्यकारमात्रै दायी हुनै सक्दैनन् । सत्तारूढद्द राजनेताहरूको स्वार्थी चलखेल बुझे पनि, देखे पनि त्यसको सोझै प्रतिवाद पस्कन नसक्ने भएको छ अचेल कलम । राजनीतिक धारिलो तरबारअघि तीखो कलम भाँचिएर कलम तरबारभन्दा धारिलो नभएर दुर्बल र दास बनेको किस्सा पनि नसुनिएको होइन । इतिहासमा अर्थात् विगतमा देखिएका पुर्खाका वीरता र वर्तमान पीढद्दीको शौर्यमा आकाश पातालको भिन्नता छ । तर युवा शक्तिमा पनि त्यो तागत देखिएको छैनहजसले सत्तामा उलटफेर ल्याउनु सक्छ। क्षणिक मजामा रम्ने युवा मनमा त्यो जाँगर र आँट पनि देखिन्न हजसले भविष्य उज्यालो पार्ने सङ्केत मात्र पनि दिन सक्छ । रुपियाँको छनछनीमा फनफनी घुम्ने र मादक पदार्थको तलतलीमा रम्ने युवा जमातको आकार बढ्दो देखिन्छ । सर्जकहरू लेख्छन् त्यो । तर खै सुधार आएको ? लेखकभित्रको कुण्ठाको गुन्टा र पीडद्दाको गाँठो फुकाउन हम्मे पर्दैछ । उसको अघि जिम्मेवारी पनि अधिक छ । लेखकलाई लेख्नमात्र लगाउने काम र त्यसबाट आय पनि दिइयो भने लेखनमा निरन्तरता कायम रहला तर आयस्रोतको व्यतिक्रम देखेर ऊबाट त्यसको उन्मूलनको निम्ति लेखन हुन सक्छ र ? अन्याय देखेर पनि चुप बस्नुपर्ने बाध्यता बोकेर लेखन कति सफल हुन सक्छ ? भयभीत वातावरणमा लेखकको आँटले सोचाइमा परिवर्तन दर्शाउने कार्य भए तापनि कालान्तरमा त्यो निरस्त भएर जाने गर्छ भने लेखकको धर्म पालन हुँदैन र लेखनबाट सन्यास लिन बाध्य होइन्छ अथवा चुपचाप बसिन्छ भने किंवा केही गर्नु नसक्ने अवस्थामा रहेर अशक्त लेखन कायम राख्नुभन्दा बरु कलम बन्द गर्नु नै उचित हुन्छ भन्ने सोचले लेखकहरूको दिमाग दुखाउँदैन भन्न मिल्दैन । यस प्रसङ्गमा टाउको दुखाई हेर्दा मेरो लेखनले समाजमा कति परिवर्तन ल्याउन सक्यो(?) भन्ने प्रश्न मअघि खडा हुन्छ। अथवा मेरो लेखनबाट कति जना सुएि? सचेतता जगाउन लेखिएका पुस्तकहरू कतिले पढेर आफूमा सुधार ल्याए त ? यी प्रश्नहरूका सकारात्मक उत्तरहरू कस्ता हुन्छन् ? मलाई थाहा छैन । मेरो लेखनको सार्थकता कतिसम्म रहेको छ ? मरेर पनि नमरूँ भनी लेख्नु पनि बेकार भएको जस्तो लाग्छ । क्षभिलअभ ष्क नयमिभल अर्थात् चुप बस्नु नै उत्तम उपाय हो भनिन्छ । सायद कतिपय स्थितिमा सही पनि साबित हुँदो हो यो कथन । तर वर्तमान समयमा को (?), कसरी, (?) किन (?) चुप बस्न सकेको छ ? यस्तो प्रश्नले टाउको दुखाउने समय पनि लेखकसित नै त होला ? तर "Crown is no cure for headache" भने जस्तो मेरो बेवाँकको सोचाइ र लेखाइले कति उपचार दिन सक्ला सधैँ मौद्रिक प्रलोभनमा पर्ने रुग्ण मगजलाई ?

*-समकालीन साहित्य डटकम*

कथा — विजय हितान

## जिन्दगी फूल सम्झे फूलै हो

प्राय: जोडीको पहिला प्रेम, त्यसपछि इङ्गेजमेन्ट अनि विवाह हुन्छ तर उनीहरूको जीवनमा पहिले इङ्गेजमेन्ट भयो, त्यसपछि प्रेम पलायो, अनि मात्र वैवाहिक गाँठोमा बाँधिएका थिए । ! लण्डनको त्यो बिहान अरू दिनजस्तै धुम्म थियो । झ्यालको सिसामा पानीका फिसफिस थोपा ठोक्किँदै झरिरहेका थिए । भित्रको एउटा कोठा अस्पतालको वार्डजस्तै भान हुन्थ्यो । बेडमा निश्चेत पल्टिरहेको एउटा ज्यान । उसको आँखा कोठाको झ्यालजस्तै बन्द थिए । संभवत: ती आँखाले विगतमा बिताएका उज्याला दिनहरूलाई कैद गरेर राखेका हुँदा हुन् । सुमायाले सावधानीपूर्वक सिरानी मिलाइदिइन् । साइड टेबलमा यत्रतत्र छरिएर रहेका दबाईका प्याकेटलाई सम्हालेर राखिन् । अनि उनको निधारलाई सुमसुमाउँदै भनिन्, "हिमालय सर, हजुरलाई चिसो त भा..छैन नि ?" उत्तर आएन । आउने कुरै भएन । न मुन्टो नै हल्लियो । हिमालय सरको निर्दोष अनुहारले त्यस्तो असजिलो केही नभएको संकेत गरिरहेको थियो । वर्षौं भैसकेको थियो पति पत्नीबिच दोहोरो संवाद हुन नसकेको । अब त बानी लागिसकेको थियो सुमायालाई । भगवानको मूर्तिसँग पनि कहाँ संवाद चल्छ र ?! वर माग्ने, प्राथना गर्ने, भजन गाउने त भक्तालुले मात्र न हो । सुमायाले झ्यालतिर फर्केर हेरिन् । उनको मन एक्कासि झ्यालबाट हाम फालेर हजारौं माइल टाढा- धरानको घोपा क्याम्प पुग्छ । त्यो दिन घामको उज्यालोले छाइएको थियो धरानको बृटिश क्याम्प । इङ्गेजमेन्ट भरखरै भएको थियो दुइजनाको । फेमिली दर्ता गराएर क्लार्कको अफिसबाट बाहिरिँदै गर्दा उनले पहिलोपटक हिमालय सरलाई राम्ररी हेरेकी थिइन् ।



मझौला कद, गोरो अनुहार, सुसंगठीत लाहुरे ज्यान र अनुशासित व्यक्तित्व । उनको मनभित्र अचानक प्रेमको कोपिला अंकुराएर आयो । "कस्तो हेन्डसम् !" उनले मनमै भनेकी थिइन् । प्राय: जोडीको पहिला प्रेम, त्यसपछि इङ्गेजमेन्ट अनि विवाह हुन्छ तर उनीहरूको जीवनमा पहिले इङ्गेजमेन्ट भयो, त्यसपछि प्रेम पलायो, अनि मात्र वैवाहिक गाँठोमा बाँधिएका थिए । फुस्किँदै गरेको मुस्कानसित सुमायाले आफ्नो नजर झ्यालबाट भित्र तानिन् । नि:शब्द हिमालय सरको शरीर ओछ्यानमा लडिरहेको थियो । क्षणिक त्यो उनको मुस्कान आँशुका थोपामा परिणत भए । हिमालय सरको हातका रेखा हेर्दै उनले बिस्तारै भनिन्, "तपाईंलाई सम्झना छ सर ? धरानमा पहिलोचोटी चाउमिन खाँदा मैले गड्यौला जस्तो लाग्यो भनेर खानै मानेकी थिइनँ ।" हिमालय सर नबोले पनि उनका बन्द आँखाभित्रका नानी सलबलाए जस्ता गरे । सुमायाले त्यहीलाई उत्तर ठानिन् । उनको बेवारिसे मन पुन: विगततिरै फर्कियो । सिनेमा हलको अँध्यारोपना । कुम सटाएर बसेका रोमान्टिक एक जोडी । तर चुरोटको गन्ध । उनलाई त्यो गन्ध पटक्कै मन पर्दैनथ्यो । असहजता दर्साइन् होला तर त्यसको बिरुद्दमा बोल्ने साहस गरिनन् । छुट्टिमा आएका हिमालय सर केही दिनपछि पल्टन फर्के । उता पुग्नसाथ चिठी पठाए । चिठीमा सुमायालाई- अचाक्ली मिस गरेको र चुरोट पिउन छोडेको- कुरा लेखेका थिए । चिठी पढेर सुमाया अति नै भावुक बनेकी थिइन् । हिमालय सर- लव र अन्डरस्टान्डिङ- को सागर नै भएको उनले पहिलोपटक बोध गरेकी थिइन् । तर जीवन भन्नु लटरम्म फूलै फूलको डाली मात्रै पनि हैन नि । फूलको हाँगामा काँडा पनि पलाउँछन् । केही वर्ष पछि, हिमालय सर टिचिङ् हस्पिटलमा बिमार परेर भर्ना भएछन् । बैनीले भन्दा पो थाहा पाइन् सुमायाले । सुमायालाई थाहै नदिई पल्टनबाट छुट्टिमा आउँदा त्यस्तो भएको । एकदिन हिमालय सरले गम्भीर बनेर भनेका थिए, "म दीर्घ रोगी हुन थालेँ सुमाया, तिमी आफ्नो बाटो लाग है ।" त्यतिबेला उनीहरूको इङ्गेजमेन्ट भैसकेको थियो । सुमायाले हिमालय सरको आँखामा हेरेर भनेकी थिइन्, "यदि यही अवस्थामा म भएको भए, तपाई के गर्नुहुन्थ्यो ?" त्यसपछि हिमालय सर अक्क न बक्क परेका थिए । शायद त्यही मौनताभित्र उनीहरूको विवाहको लगनगाँठो लुकेको थियो । अचानक हिमालय सरले ख्वाक्क खोके । सुमाया झस्किइन् । कम्बल तानेर छातीसम्म पुर्‍याइन् । "हजुरलाई थाहा छ सर... दस वर्ष भयो तपाईंले मुखबाट अन्न खानुभएको छैन । मैले पनि मीठा मीठा परिकार बनाउन छोडेँ ।" उनको आवाजमा एक किसमको मधूर कम्पन थियो । उनी फेरि सम्झनामा हराइन् । गाईघाटको घर । दाउराको चुलो । लोडसेडिङ । स्वर्गेबास भैसकेका ससुरा र बिमारी सासू । उता माइतमा मट्टितेलको स्टोभ । यता घरमा धुवाँले आँखा पोल्ने अगेना । तर उनले कहिल्यै गुनासो गरिनन् । हिमालय सर कहिले हडकङ, कहिले बहराइन । अक्सर खबरै नगरी घर आइपुग्ने । "सरप्राइज" दिन मनपर्ने मान्छे । तर सुमायालाई त्यो सरप्राइजभन्दा एक्लोपन धेरै भारी लाग्थ्यो । गर्भ तुहिँदा, बच्चा जन्मिँदा र बच्चाहरूलाई हुर्काउँदाका एकल र न्यासा पलहरूलाई सम्झिइन् । त्यो एक्लोपनले आफूलाई कदापि दुर्बल हुन दिइनन् । आशावादी र सकारात्मक सोच लिएर जीवनरुपी गरुङ्गो भारी बोक्दै अघि बढिरहिन् । पढिन् । जागिर खाइन् । सामाजिक संगठनको नेतृत्व गरिन् । प्राध्यापक बनिन् । पीएचडी गरिन् । तर भावीले अर्को परीक्षा लिएको रहेछ । सासूको बिमारी बढ्दै गयो । हिमालय सर बिमार आमालाई सेवा प्रदान गर्ने उद्देश्यले नोकरी त्यागेर घर आए । भूकम्पपछिको विद्यालय पुनर्निर्माण परियोजनामा हिमालय सर काम गर्दा एक स्टाफले सुमायालाई अनुरोध गरेका थिए, "तपाईंका कर्मचारीलाई कमिसन खान दिनुस् भनेर भनिदिनुस् न हिमालय सरलाई ।" सुमायाले त्यो कुरा साँझ सुत्नेबेलामा हिमालय सरलाई सुनाएकी थिइन् । अर्को दिनदेखि हिमालय सर झन् कडा भएर उत्रिए । भ्रष्ट कर्मचारीमाथि कारबाही गर्न शुरु गरे । कर्मठ र निष्ठावान् बनेर देशको सेवा गर्ने अठोट लिए । त्यही दिनदेखि उनले आफ्नो पतिलाई "हिमालय सर" भनेर सम्बोधन गर्न थालेकी थिइन् । प्रेमभन्दा माथिको सम्मानले जन्माएको सम्बोधन । बाहिर वर्षाको स्वरुप सिमसिमबाट झरझरमा परिणत हुँदै थियो । सुमाया उठेर झ्याल बन्द गर्न गइन् । फर्केर आउँदा हिमालय सरको मुन्टो सुमायातिर फर्केला फर्केलाजस्तो थियो । प्राणभन्दा पनि प्यारी पत्नी आफूलाई छाडेर बाहिरिइन् कि भनेर होला । त्यो मायालु अनुहार देखेर सुमायालाई हिमालय सरले पनि आफूले जस्तै आफ्ना विगत सम्झिरहनुभएको छ कि जस्तो लाग्यो । छेउमा बसेर बिस्तारै कपाल सुमसुमाउन थालिन् । "हिमालय सर... तपाईंले भनेको याद छ ? मलाई हातमा सिसाकलम थमाउँदै- आँखा चिम्म गर र यो कागजमा कोरिएको वृतभित्र एउटा बिन्दु कोर ।" "मैले त्यो बिन्दु गोलाकारको बाहिर कोरेकी थिएँ । तिमी निष्ठाको परीक्षामा पास भयौ भनेर तपाईंले भन्नुभएको थियो मलाई ।" आँखिभौं अलिकति हल्लिएको जस्तो बाहेक हिमालय सरको कुनै प्रतिक्रिया आएन । उनी यस्ता दिनचर्यादेखि थाकिसकेकी थिइन् । तर हारेकी भने थिइनन् । त्यतिनैखेर छोरा प्रणय र छोरी ज्योत्सना कोठामा प्रवेश गर्छन् । सुमायाको नोस्टाल्जिया भंग हुन्छ । तर छोराछोरीलाई देखेपछि उनको फदयबाट सबै पीडा विलीन हुन्छ र अनुहारमा एक किसिमको शान्ति छाउँछ । यति विघ्न काँडै काँडाबीच पनि आफ्नो पारिवारिक जीवनमा प्रेमभावका फूलहरू फुलाएर बसिरहेकी सुमाया । जिन्दगी फूल सम्झे फूलै हो!

*-साहित्यपोस्ट डटकम*

# लोककल्याणकारी विज्ञापनलाई निरन्तरता, सूचना तथा सञ्चारमा ५ अर्ब ९३ करोडको बजेट




**पाल्पा,** जेठ १५/ सरकारले सञ्चार माध्यमलाई प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन कार्यक्रमलाई आगामी आर्थिक वर्ष २०८३/८४ मा पनि निरन्तरता दिने भएको छ । शुक्रबार संघीय संसद्मा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले छापा तथा विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशन र प्रसारण हुने लोककल्याणकारी विज्ञापनका लागि ३३ करोड रकम विनियोजन गरेको घोषणा गरेका छन् । उनले सूचना तथा सञ्चार क्षेत्रका लागि पाँच अर्ब ९३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिए ।

सरकारले सार्वजनिक सूचना, जनचेतना तथा राज्यका विभिन्न कार्यक्रम नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याउन लोककल्याणकारी विज्ञापन कार्यक्रमलाई निरन्तरता दिएको हो । निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय गरेको सरकारले लोककल्याणकारी विज्ञापन रोक्न सक्ने आशंका गरिएको थियो । यस कार्यक्रममार्फत सञ्चार संस्थालाई आर्थिक सहयोग पुग्ने तथा सूचना प्रवाहलाई थप व्यवस्थित बनाउन मद्दत पुग्ने विश्वास गरिएको छ । सञ्चार तथा सूचना प्रविधि क्षेत्रका सरोकारवालाले सरकारले लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिएको निर्णयलाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूका अनुसार यसले आर्थिक संकटबाट गुज्रिरहेका सञ्चार संस्थालाई केही राहत पुग्ने अपेक्षा गरिएको छ । बजेटमा सूचना प्रविधिको विकास, डिजिटल सेवा विस्तार, साइबर सुरक्षाको सुदृढीकरण तथा सरकारी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने योजनालाई प्राथमिकतामा राखिएको छ । साथै, डिजिटल पूर्वाधार विस्तार गर्दै सूचना प्रविधिमार्फत रोजगारी सिर्जना गर्ने लक्ष्य पनि सरकारले अघि सारेको छ । सरकारले नेपालमा दर्ता भएका सामाजिक सञ्जालमार्फत व्यावसायिक कृषि कार्य गर्न प्रोत्साहन गर्ने नीति लिएको छ । लामो समयदेखि थाती रहेको दूरसञ्चार प्राधिकरण विधेयक अब संसद्मा पेस गर्ने उनले उल्लेख गरे । 'नवीनतम प्रविधिको प्रयोगलाई तीव्रता दिँदै गुणस्तरीय दूरसञ्चार सेवाको पहुँच बढाइनेछ,' उनले भने, 'कर्णाली र सुदूरपश्चिम प्रदेशमा गुणस्तरीय टेलिफोन सेवा र नेटवर्क विस्तार गरिनेछ ।' साथै, सरकारी मुद्रणका लागि स्थापित विभिन्न संरचनालाई एकापसमा गाभेर एकीकृत सुरक्षित मुद्रण संस्था स्थापना गर्ने सरकारको लक्ष्य छ ।

## सरकारले ल्यायो...

...छात्रवृत्तिका लागि ८ अर्ब ६० करोड बजेट छुट्याएको छ । त्यस्तै विदेशमा रहेका नेपालीहरूलाई खुला विश्वविद्यालयमा अध्ययनको अवसर प्रदान गर्ने र आवासीय विद्यालय पनि सञ्चालन गरिने अर्थमन्त्री वाग्लेले बताए । यस्तै सरकारले राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि गरेको छ ।

संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले हाल खाईपाई आएको पारिश्रमिकमा करिब २१ प्रतिशत खुद वृद्धि भई ग्रेडसहित न्यूनतम पारिश्रमिक रु ४० हजारदेखि रु एक लाखमाथि कायम हुनेगरी तलब वृद्धि गरेको बताए । उनले भने, "कर्मचारीले हाल प्राप्त गरिरहेको महँगी भत्तालाई निरन्तरता दिँदै सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरेको छु, कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुआत गर्न नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।" पछिल्लो चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि नभएको, यस अवधिमा उपभोक्ता मूल्य वृद्धि सूचकांकमा आधारित मूल्य वृद्धि १७.३ प्रतिशत भएको र मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधा पुनर्स्थापना गर्नुपर्ने महसुस गरी तलब वृद्धि गरेको मन्त्री वाग्लेको भनाइ छ । सरकारले आगामी आर्थिक वर्षमा ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने अनुमान गरेको छ । बजेट कार्यान्वयनका लागि सघाउ पुऱ्याउने गरी मौद्रिक नीति जारी हुने पनि अर्थमन्त्री वाग्लेको भनाइ छ । अर्थमन्त्री वाग्लेले भने,'आगामी आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धि हासिल हुने तथा मूल्यवृद्धिदर ६ प्रतिशतभित्र सीमित रहने विश्वास लिएको छु । बजेटमा घोषणा गरिएका नीतिगत सुधार र कार्यक्रम कार्यान्वयनमा सघाउन पुग्ने गरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति जारी हुनेछ ।'अर्थमन्त्री वाग्लेले प्रस्तुत बजेटलाई राज्य सञ्चालनको नयाँ सोच र संकल्पको दस्तावेजका रूपमा चित्रित गर्दै यसले आर्थिक रूपान्तरणको स्पष्ट मार्गचित्र र नागरिकसँग गरिएको राजनीतिक प्रतिबद्धताको कार्यान्वयनको सुरुआती बिन्दु तय गरेको बताए । आगामी आवको बजेटले सुशासन, उत्पादनशील रोजगारी, मध्यम वर्गको विस्तार, प्रतिस्पर्धी अर्थतन्त्र र सम्मानजनक जीवनयापनको आधार निर्माणलाई प्राथमिकता दिएको अर्थमन्त्रीले बताए । सरकारले राज्यको भूमिकालाई परम्परागत नियन्त्रक र नियामक सीमाभन्दा बाहिर लैजाँदै अवसर सिर्जना गर्ने संस्थाका रूपमा पुन:परिभाषित गर्ने प्रयास गरेको बजेटमार्फत जनाएको छ । उनले ऊर्जा, कृषि, वन, उद्योग, पर्यटन, सूचना प्रविधि र मानव पुँजीलाई आगामी दशकको आर्थिक समृद्धिका प्रमुख सम्भावनायुक्त क्षेत्रका रूपमा बजेटमा समाहित गर्दै यी क्षेत्रमा संरचनात्मक सुधारको नयाँ चरण सुरु गर्ने लक्ष्य लिइएको सदनलाई बताए । त्यसैगरी, निजी क्षेत्रलाई आर्थिक गतिविधिको प्रमुख साझेदारका रूपमा प्रस्तुत गर्दै लगानीमैत्री वातावरण निर्माण, उद्यमशीलता प्रवर्द्धन र नवप्रवर्तनमा आधारित आर्थिक चक्र सुरु गर्ने आधार तयार गरिएको बजेट वक्तव्यमा उल्लेख छ । अर्थमन्त्री वाग्लेले सार्वजनिक सेवा प्रवाह प्रणालीलाई प्रविधिमैत्री, जवाफदेही र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै राजकाजमा स्थिति बसाल्ने र प्रशासनिक संयन्त्रलाई उत्तरदायी बनाइने बताए । राजस्व व्यवस्थापनतर्फ सरकारले कर प्रणालीलाई सरल, न्यायोचित र उत्पादनमुखी बनाइएको जनाएको छ । यससँगै सार्वजनिक खर्चमा मितव्ययिता अपनाउँदै परिणाममुखी खर्च प्रणाली विकास गर्ने नीति बजेटमा समेटिएको छ ।

## खेलकुद समाचार

### महिला भलिबल च्याम्पियनशिपमा नेपाल चौथो



**काठमाडौं,** जेठ १५/काभा महिला भलिबल च्याम्पियनशिपको तेस्रो स्थानका लागि भएको खेलमा नेपाल भारतसँग पराजित भएको छ । त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शुक्रबार भएको खेलमा नेपाल भारतसँग ३-१ को सेटमा पराजित भयो । भारतले पहिलो सेट २५-२२, दोस्रो सेट २५-२३ र चौथो सेट २५-२२ ले जित्यो । नेपालले तेस्रो सेट २५-१५ ले जित्यो । योसँगै भारतले तेस्रो स्थानमा रहेर कांस्य पदक जितेको छ । नेपाल चौथो स्थानमा रह्यो । घरेलु मैदानमा आयोजना भएका पछिल्ला ३ प्रतियोगितामा नेपाल पहिलो पटक पदकविहीन भएको हो । प्रतियोगितामा ८ वटा टोली सहभागी थिए । समूह 'ए' मा नेपाल, भारत, किर्गिस्तान र माल्दिभ्स तथा समूह 'बी' मा इरान, काजकिस्तान, श्रीलङ्का र बङ्गलादेश रहेका थिए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# बढ्यो सुनचाँदीको मूल्य



**पाल्पा,** जेठ १५/स्थानीय बजारमा शुक्रबार सुनचाँदीको मूल्य बढेको छ । सुन तोलामा पाँच हजार ६ सय र चाँदी एक ७५ ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाल सुनको मूल्य प्रतितोला दुई लाख ९० हजार ६ सय र त्यति नै परिमाणको सेतो धातुको मूल्य पाँच हजार ४० कायम भएको छ । बिहीबार छापावाल सुनको मोल प्रतितोला दुई लाख ८५ हजार र त्यति नै परिमाणको चाँदी चार हजार ८ सय ६५ कायम भएको थियो । गत बुधबार छापावाल सुनको मोल प्रतितोला दुई लाख ९० हजार ५०० र त्यति नै परिमाणको चाँदी पाँच हजार ८० मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ५ सय र त्यति नै परिमाणको चाँदी ७७ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन ०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई